मधेश प्रदेश सरकार
# खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ३११

मिति: २०८१/०१/०९

**नवउद्यमी युवा प्रतिभा प्रोत्साहनका लागि व्यवसायिक प्रोफाइल पेश गर्ने सम्बन्धी दोस्रो पटक सूचना।**

आ.व.२०८०/०८१ को श्री राष्ट्रिय युवा परिषद, सानोठिमी, भक्तपुरको सशर्त कार्यक्रम अन्तर्गत नवउद्यमी युवा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन हुने भएकाले मधेश प्रदेशभित्र उद्यम गरिरहेका १६ देखि ४० वर्षका र तपसिलमा उल्लेख भए बमोजिमको योग्यता पुरा भएका उद्यमी युवाहरुलाई यो सूचना दोस्रो पटक प्रकाशन भएको हुनाले उक्त सूचना प्रकाशन भएको मितिले १० दिनभित्र संलग्न ढाँचामा आवश्यक कागजात सहितको विस्तृत व्यवसायिक प्रोफाइल यस महाशाखामा पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ :

**तपसिल**

१) उद्यम शुरु भएको एक वर्ष पुरा भएको र पाँच वर्ष ननाघेको हुनुपर्नेछ।
२) लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उद्यमलाई प्रतियोगितामा सहभागिताका लागि प्राथमिकता दिइनेछ।
३) प्रतियोगितामा सहभागी हुने लघु उद्यमको हकमा घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँ सम्म स्थिर पुँजी रहेका, वार्षिक कारोबार १ करोड रुपैयाँ भन्दा कम रहेका र इन्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा विद्युतीय उर्जा इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट भन्दा कम भएका र घरेलु उद्योगको हकमा श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित र इन्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेका हुनुपर्नेछ। अन्य उद्यमको हकमा समेत स्थिर पुँजी र वार्षिक कारोबार रकम लघु तथा घरेलु उद्यम सरह हुनुपर्नेछ।
४) म्याद समाप्त भएपश्चात देवनागरी लिपिको वर्णानुक्रम अनुसारको प्रतियोगीहरुको नामावली तयार गरी नवउद्यमी नामावली मन्त्रालयको सूचनापाटी तथा वेबसाइटमा प्रकाशन गरिनेछ।
५) नवउद्यमी युवाहरुले पेश भएका व्यवसायिक प्रोफाइलको अध्ययन तथा आवश्यकतानुसार उद्यमको स्थलगत निरीक्षण गरी मूल्याङ्कन समितिले प्रतियोगीहरुको अन्तिम सूची तयार गरी प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति र समय निर्धारण गर्नेछ।
६) निर्धारित मिति र समयमा मन्त्रालयले प्रदेशस्तरको प्रस्तुतीकरण कार्यक्रम आयोजना गरी मूल्याङ्कन समिति मार्फत प्रतियोगीहरुको अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट तीन युवा उद्यमी छनोट गर्नेछ। उत्कृष्ट पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने युवालाई मन्त्रालयबाट क्रमशः एक लाख पचहत्तर हजार र पचास हजार रुपैंया नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनेछ।
७) उत्कृष्ट तीन स्थान प्राप्त गर्ने युवाहरुलाई राष्ट्रिय युवा परिषदले आयोजना गर्ने राष्ट्रिय तहको नवउद्यमी युवा पहिचान तथा प्रोत्साहन कार्यक्रममा सहभागिताका लागि पठाइनेछ।
८) छनोटका अन्य आधार र प्रक्रिया राष्ट्रिय युवा परिषद्को नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम हुनेछ।
९) पेश गर्नुपर्ने विवरण तथा कागजातहरु: उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफाइल, उद्यमीको नागरिकताको प्रमाणपत्र प्रतिलिपी, उद्यम दर्ता र नवीकरणको प्रमाणपत्र प्रतिलिपी, पान दर्ता, लेखापरीक्षण प्रतिवेदन, स्थानीय तहको सिफारिस र उद्यमको कम्तिमा ५ मिनेटको वर्णनात्मक भिडियो अनिवार्य पेश गर्नुपर्नेछ।
१०) थप जानकारी तथा सम्पर्कका लागि सम्पर्क: इमेल:mossw2080@gmail.com

बोधार्थ:
श्री राष्ट्रिय युवा परिषद, सानोठिमी, भक्तपुर।
श्री स्थानीय तह (सबै), मधेश प्रदेश: विस्तृत सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।
श्री घरेलु तथा साना उद्योग कार्यालयहरु,
मधेश प्रदेश : विस्तृत सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।
श्री नाजो भगत (कम्प्युटर अधिकृत), खेलकूद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश : वेबसाइटमा अपलोड गरिदिनुहुन।

(निशा कर्ण)
शाखा अधिकृत

# प्रतियोगितामा सहभागी हुनका लागि पेश गर्नुपर्ने विस्तृत व्यवसायिक प्रोफाइलको ढाँचा

श्री युवा तथा खेलकूद महाशाखा
खेलकूद तथा समाज कल्याण मन्त्रालय,
मधेश प्रदेश , जनकपुरधाम ।

विषय:- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन प्रतियोगितामा सहभागी हुन पाऊँ ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति / / गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम देहायका विवरण तथा कागजातहरु संलग्न गरी कार्यक्रममा सहभागिताका लागि निवेदन पेश गर्दछु ।

(१) उद्यमसँग सम्बन्धित विवरणहरु

(क) उद्यमको संक्षिप्त परिचय :

उद्यमको नाम:
रजिष्टर्ड ठेगाना:
सम्पर्क फोन नं :
उद्यम सञ्चालन स्थल:
ईमेल ठेगाना:
सञ्चालक/व्यवस्थापकको नाम:
पुंजीको विवरण: (स्थिर पुंजी घर जग्गा बाहेक)

वित्तीय श्रोत तथा लगानी: (आन्तरिक बाह्य लगानी)
कच्चा पदार्थको श्रोत: (स्वदेशी, विदेशी , स्थानीय रुपमा उपलब्ध, वा बाहिरबाट ल्याउनुपर्ने)
प्रमुख उत्पादन वा सेवा: (हालको उत्पादन)
वार्षिक उत्पादन क्षमता:
बजार: (स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तराष्ट्रिय)

(ख) जनशक्तिको विवरण:

स्थानीय:
बाह्य:
हाल कार्यरत संख्या:
थप रोजगारी सृजनाको सम्भावना:

(ग) नविनतम प्रविधि वा रणनीतिको प्रयोग सम्बन्धि विवरण: (वस्तु/सेवा उत्पादन प्रक्रिया वा व्यवस्थापन वा बजारकिरणमा अपनाइएको नवीनतम् रणनितीको विवरण)

(घ) वार्षिक कारोबार रकम:

(ङ) उद्यम कार्यान्वयनमा देखिएका समस्या:

(च) समस्या समाधानका लागि गरिएका प्रयास:

(छ) उद्योगको भावी सम्भावना सहितको कार्य योजना:

(ज) स्टार्टअप सपोर्टको आवश्यकता:

संलग्न विवरण तथा कागजातहरु:-

क) उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफाइल
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ग) उद्यम दर्ता तथा नविकरणको प्रतिलिपि
घ) लेखापरीक्षण प्रतिवेदन
ङ) स्थानीय तहको सिफारिस
च) उद्यमको वर्णात्मक भिडियो कम्तीमा ५ मिनेटको

निवेदक
दस्तखत: ....................
नाम, थर:......................
उद्यमको नाम र छाप